☎०८४-४२१२०७
ईमेल:ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

पत्र संख्याः २०८२/०८३ गुलरिया, बर्दिया

सूचना नंः ०४/२०८२/०८३

**प्रदेशभित्र रहेका जिल्लाको प्राथमिकता प्राप्त कृषिमा नयाँ ब्लक विकास कार्यक्रम सन्चालनाको लागि ब्लक क्षेत्र निर्धारणको लागि प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक सूचना प्रकाशन मितिः २०८२/०८/२३**

एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय गुलरिया बर्दियाको आ.व. २०८२०/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय कृषि आधुनिकिकरण परियोजना अन्तर्गत जिल्लामा प्राथमिकता प्राप्त वाली/वस्तुमा परियोजना कार्यान्वयन म्यानुअल पहिलो संशोधन २०८१ मा भएको व्यवस्था बमोजिम प्रदेशभित्र रहेका प्राथमिकता प्राप्त कृषिमा नयाँ ब्लक विकास कार्यक्रम सञ्चालन गर्नका लागि सूचना प्रकाशन हुनु पूर्व दर्ता भएको ईच्छुक कृषक समूह, कृषि सहकारी संस्था, कृषि फर्म तथा कम्पनी, वन/जल उपभोक्ता समितिहरुले राष्ट्रिय आधुनिकिरण कार्यक्रम परियोजना कार्यान्वयन म्यानअल पहिलो संशोधन २०८१ को अनुसूची ६ र ७ अनुसार कागजात तयार गरी सम्वन्धित स्थानीय तहको सिफारिसमा सूचना प्रकाशन भएको मितिले **१५** दिन **(मिति २०८२/०९/०८)** गतेभित्र प्रस्ताव पेश गर्नुहुन सबै योग्यता पुगेका आवेदकहरुलाई जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । आवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु परियोजना कार्यान्वयन म्यानुअल २०८१ को अनुसूची ६ र ७ र कार्यालयले माग गरे अनुसार हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ । विस्तृत जानकारीको लागि यस कार्यालयको सूचना पाटी, यस कार्यालयको वेवसाईड www.ialdobardiya.lumbini.gov.np वा राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम www.pmamp.gov.np बाट प्राप्त गर्न सकिनेछ । प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा त्यसको भोलिपल्ट कार्यालय समयभित्र प्रस्ताव पेश गर्नुहुन अनुरोध छ । थप जानकारीका लागि कार्यलयको सम्पर्क नम्बर ०८४-४२१२०७ र सूचना अधिकारीको सम्पर्क मोवाईल नं. ९८५८०३५२०८ मा गर्न सकिन्छ । रित नपुगेका वा म्याद नाघि प्राप्त हुन आएका प्रस्तावहरू समावेश नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

**कार्यक्रम सञ्चालन हुने वाली/वस्तु तथा मापदण्डहरु**

| क्र. सं. | वाली/वस्तु | ब्लक सञ्चालनको लागि न्युनतम मापदण्डहरु | सञ्चालन हुने क्रियाकलापहरु | कार्यक्रम सञ्चालनको लागत साझेदारी |
|---|---|---|---|---|
| १ | नयाँ ब्लक विकास कार्यक्रम | वालीः **मकै** क्षेत्रफलः **१५०** हेक्टर | राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम, परियोजना कार्यान्वयन म्यानुअल २०८१ को तालिका ४ अनुसारका क्रियाकपालहरु | कृषि उत्पादन सामाग्रीहरुः वीउ, वेर्ना, विरुवा, रासायनिक एवं जैविक विषादी/सुक्ष्मतत्व लगायतका क्रियाकलापहरुमा कार्यक्रमको लागतको ५० प्रतिशत अनुदान,<br>प्राविधिक सहयोगः बढिमा १०० प्रतिशत अनुदान,<br>प्रयोगशाला सेवाहरुः बढिमा ८५ प्रतिशन अनुदान,<br>कृषि औजार उपकरणहरुः बढिमा ५० प्रतिशत अनुदान,<br>साना सिंचाई पूर्वाधारहरुः बढिमा ८५ प्रतिशत अनुदान,<br>उत्पादनोपरान्त था व्यवसाय सेवा पूर्वाधारहरुः बढिमा ८५ प्रतिशत अनुदान,<br>नविनतम प्रविधिको विस्तारः बढिमा ८५ प्रतिशत सम्म अनुदान, |



**कमला अधिकारी**
**प्रमुख**

CamScanner

☎०८४-४२१२०७
ईमेल:ialdo.bardiya@gmail.com
वेब साईट: ialdobardiya.lumbini.gov.np

लुम्बिनी प्रदेश सरकार
कृषि,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

# एकिकृत कृषि तथा पशुपन्छी विकास कार्यालय

पत्र संख्याः २०८२/०८३ गुलरिया, बर्दिया
सूचना नं: ०४/२०८२/०८३

पुनश्चः कार्यक्रम सञ्चालन सम्वन्धि अन्य विषयहरु राष्ट्रिय कृषि आधुनिकिकरण कार्यक्रम, परियोजना कार्यान्वयन म्यानुअल पहिलो संशोधन २०८१ अनुसार हुनेछ । यस भन्दा अगाडी सुपर जोन, जोन र ब्लक लागु भएका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न नसकिने तर माथि उल्लेखित वालीमा पकेट विकास कार्यक्रम सञ्चालन भएको क्षेत्रलाई प्राथमिकता दिने ।

संलग्न गर्नुपर्ने कागजातहरु

१. प्रस्तावकको निवेदन (अनुसूची ६ बमोजिम) ।
२. संस्था दर्ता /नविकरण भएको प्रमाण-पत्रको प्रतिलिपी ।
३. स्थायी लेखा नं. प्रमाण-पत्र प्रतिलिपी तथा गत आर्थिक वर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपी
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नं. प्रमाण-पत्रको प्रतिलिपी छनौट भएमा सम्झौता पूर्व पेश गर्नुपर्ने छ ।
५. कार्यक्रम सञ्चालनको लागि आधारभुत तथ्याङ्क फारम (अनुसची ७ बमोजिम)
६. जग्गाधनी प्रमाण पूर्जाको प्रतिलिपी र जग्गाको हालसालै तिरो तिरेको रसिद ।
७. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र ।
८. प्रस्ताव माग गर्न गरेको निर्णयको प्रतिलिपी (समूह/सहकारी/वन समूह/जल उपभोक्ता समिति) ।
९. प्रस्ताव पेश गर्नेको नागरिताको प्रतिलिपी ।
१०. पूर्वाधार निर्माणको हकमा जग्गा धनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपी वा भाडामा लिई कार्यक्रम सञ्चालन गरेको हकमा १० वर्ष अवधिको करारनामाको पत्र तथा जग्गाको तिरो तिरेको रसिद ।
११. दोहोरो अनुदान नलिएको स्व:घोषणा पत्र ।

**कमला अधिकारी**
**प्रमुख**
**(अधिकृतस्तर दशौं तह)**



CamScanner